# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम



# चेला बनाओ!

प्रभु येशू यस संसारमा रहनुहुँदा उहाँले मानिसहरूलाई स्वर्गको राज्यको बारेमा शिक्षा दिनुहुन्थ्यो। बेला बेलामा उहाँले तिनीहरूमध्ये कसैलाई 'मेरो पछि लाग!' भन्दै आफ्नो चेला हुनलाई अर्थात् प्रभुसँगै हिँड्न र उहाँको शिक्षाअनुसार चल्नलाई बोलाउनुभयो। त्यही समयदेखि आजको दिनसम्म यस संसारमा प्रभु येशू ख्रीष्टका धेरै सच्चा चेलाहरू छन्। पहिले उनीहरूलाई 'ख्रीष्ट्यान' भनिन्थ्यो; किनभने उनीहरू आफ्नो स्वामी अर्थात् ख्रीष्टका पाइलामा हिँड्थे र यसरी नै प्रभुको नामको आदर गर्ने शिष्य हुन्थे। पछि यो ख्रीष्ट्यान भन्ने नाममा अनेकौं मानिसहरू आए र यस नामको अर्थ बिगरेर येशूको बदनाम गरे। आज पनि यस्तै गर्नेहरू धेरै हुन्छन्। आजभोलिको अवस्था यस्तो भए पनि प्रभु येशूले आफ्ना चेलाहरूलाई दिनुभएको अन्तिम आज्ञा जारी नै रहन्छ। उहाँले उनीहरूलाई भन्नुभयो:

> **'स्वर्ग र पृथ्वीका सारा अधिकार मलाई दिइएको छ; यसकारण जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जे जे आज्ञा गरें, तिनीहरूलाई ती सबै पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु।'** **मत्ती २८:१८-२०**

यही प्रभु येशूको आज्ञाअनुसार र उहाँको नामको महिमाको निम्ति हामीले 'चेला बनाओ' भन्ने शिक्षाक्रम तयार गरेका छौं। हामी आफै ख्रीष्टको साँचो चेला हौं, साथै अरूलाई पनि यस्तै हुनमा सहायता दिनलाई तपाईंको सामु यी तेह्र पाठहरू प्रस्तुत गर्दछौं।

**पाठ १ - हाम्रो सृष्टिकर्ता परमेश्वरसँग हाम्रो सम्बन्ध कस्तो छ?**
**पाठ २ - प्रभु येशूप्रति हाम्रो कर्तव्य के हो?**
**पाठ ३ - ख्रीष्टमा नयाँ जीवन कस्तो छ?**
**पाठ ४ - नयाँ जीवनमा हामीले कसरी बढ्नुपर्छ?**
**पाठ ५ - प्रभु येशूको चेलाले प्रार्थना कसरी गर्नुपर्छ?**
**पाठ ६ - पवित्र आत्माले भरपूर जीवन कस्तो छ?**
**पाठ ७ - आइपर्ने परीक्षाहरू कसरी सामना गर्नुपर्छ?**
**पाठ ८ - प्रभुमा हामी कसरी रहिरहनुपर्छ?**
**पाठ ९ - अरू चेलाहरूसँग कसरी सँगति गर्नुपर्छ?**
**पाठ १० - परमेश्वरको चिन्ने ज्ञानमा कसरी बढ्नुपर्छ?**
**पाठ ११ - परमेश्वरको बरदानअनुसार सेवा कसरी गर्नुपर्छ?**
**पाठ १२ - प्रभु येशूको सुसमाचार कसरी सुनाउनुपर्छ?**
**पाठ १३ - अरूलाई हामीले कसरी ख्रीष्टका चेला बनाउनुपर्छ?**

यो अध्ययनद्वारा हाम्रा पिता परमेश्वरले तपाईंलाई प्रशस्त आशिष दिऊन् र प्रभु येशूको निगाह पाएर तपाईं प्रभु येशूको सच्चा चेला बन्नुहुनेछ भनी हामी तपाईंको लागि प्रार्थना गर्छौं।

# पाठ १
## हाम्रो सृष्टिकर्ता परमेश्वरसँग हाम्रो सम्बन्ध कस्तो छ?
### क – परमेश्वरसँग हाम्रो ठीक सम्बन्ध
(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''प्रभु येशूको निम्ति राजदूत भईकन हामीले तिमीहरूलाई आग्रहपूर्वक विन्ती गर्छौं – 'परमेश्वरसँग मिलाप राख।''' २ कोरिन्थी ५:२०**

शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। यसकारण उहाँको नाम परम ईश्वर हो। उहाँ पहिले हुनुहुन्थ्यो। उहाँ मात्र हुनुहुन्थ्यो। उहाँ सबैभन्दा उत्तम र महान् हुनुहुन्छ; उहाँले सबै थोक सृष्टि गर्नुभएको छ। परमेश्वरले मानिसलाई पनि बनाउनुभयो। उहाँले मानिसलाई विशेष प्रकारले अर्थात् आफ्नो प्रतिरूपमा बनाउनुभयो। जसरी मेरो देब्रे हात मेरो दाहिने हातको प्रतिरूप हुन्छ, अथवा जसरी बुवाको प्रतिरूप छोरा हुन्छ, त्यस्तै हामी मानिसहरू सृष्टिकर्ताको प्रतिरूपमा सृजिएका छौं। हाम्रो सृष्टिकर्ता परमेश्वरको प्रतिरूप भईकन हाम्रो जीवन कस्तो हुनुपर्छ त? हामीलाई बनाउने परमेश्वरले हामीलाई किन र कुन उद्देश्यले सृष्टि गर्नुभयो? के यो कुरा तपाईंले बुझ्नुभएको छ? हामी यस कुरा बुझ्नको निम्ति बाइबल, परमेश्वरको वचनमा हेरौं। सृष्टिको शुरुमा के कस्तो थियो, सो हामीले त्यहाँ पढ्न पाउँछौं।

**''अनि उनीहरूले अर्थात् पहिलेका मानिसहरूले दिनको शीतलतामा बगैंचामा हिंड्डुल गर्नुहुने परमप्रभु परमेश्वरको सोर सुने। अनि मानिस र उनकी पत्नीले परमप्रभु परमेश्वरको सामुदेखि बगैंचाका रूखहरूको बीचमा लुके। अनि परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो र उनलाई भन्नुभयो – 'तिमी कहाँ छौ?''' उत्पत्ति ३:८-९**

यी पदहरूबाट हामी यो सिक्छौं – परमेश्वर र मानिसको बीचमा पहिले नजिकको सम्बन्ध थियो। आपसमा बातचित गर्ने बानी थियो। मानिसले परमेश्वरलाई प्रेम गर्थे र उहाँको आज्ञा पालन गर्थे। तर जब मानिसले परमेश्वरको आज्ञा उल्लङ्घन गरे अर्थात् पाप गरे, तब यो सम्बन्ध टुट्यो। मानिस परमेश्वरदेखि डराउन थाले र उहाँबाट भाग्न खोजे।

परमेश्वरले मानिसलाई किन सृष्टि गर्नुभयो? यसको खास उद्देश्य के थियो? परमेश्वरले मानिससँग संगत गर्न चाहनुभयो र यसैको लागि बनाउनुभयो। यही परमेश्वरसितको सँगतिमा मानिसले आफ्नो जिम्मवारी पूरा गर्नुपर्थ्यो। यही सँगतिमा उसको आनन्द र सुरक्षा हुन्थ्यो। सँगति बिग्रियो; बिग्रने कारण पाप थियो। मानिस डरायो; मानिस परमेश्वरदेखि लुक्यो। मानिसले परमेश्वरसँग भेट्न र बोल्न चाहेन। यो कुरा परमेश्वरलाई अनौठो लाग्यो। मानिस कहाँ गयो? किन लुक्यो? ऊसँग सँगति गर्न खोज्ने परमेश्वर दु:खित हुनुभयो; किनभने पापले गर्दा मानिस र परमेश्वरको बीचको सम्बन्ध टुट्यो। फलस्वरूप पवित्र परमेश्वरले मानिसलाई आफ्नो उपस्थितिबाट हटाउनुभयो। आज पनि हामीले यसको फल भोग्नुपर्छ, किनकि हामी ती पहिलेका मानिसहरूका सन्तान हौं।

एउटा साधारण उदाहरणबाट यो कुरा अझ स्पष्ट पारौं – चिम विचार गरौं; बिजुली नआएसम्म त्यो बल्दैन। चिम नबलेपछि के काम लाग्छ? मानिस पनि यस्तै छ। परमेश्वरसितको सँगतमा काम लाग्छ, नत्रभने

मानिस निकम्म हुन्छ। यसकारण हामीले याद राख्ने कुरा के हो भने जब हाम्रो सम्बन्ध परमेश्वरसँग ठीक छ, तब आपसमा बोलचाल हुन्छ। पापी मानिसले परमेश्वरसँग बोल्न चाहँदैन। पहिलो जाँच यही हो। के परमेश्वरसँग हाम्रो सम्बन्ध ठीक छ?

यो कुरा परमेश्वरको वचनका केही पदहरूबाट अध्ययन गरौं –

> ***प्रभु येशूले भन्नुभयो*** – **''मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु र तिनीहरूले मलाई पछ्याउँछन्। अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, तिनीहरू नाश हुनेछैनन्; नता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ।''** **यूहन्ना १०:२७–२८**

यस पदअनुसार प्रभुका साँचो चेलाहरूले उहाँको सोर सुन्छन् र आफ्नो प्रभुलाई पछ्याउँछन्। उनीहरूलाई प्रभुले व्यक्तिगत रूपले चिन्नुहुन्छ, उनीहरूलाई अनन्त जीवन दिनुहुन्छ र उनीहरूको प्राणको रक्षा गर्नुहुन्छ। के हाम्रो अवस्था यस्तै छ? के हामीले आफ्नो स्वामीको सोर सुनेर उहाँलाई पछ्याइरहेका छौं?

> **''हेर, म ढोकामा उभिएर ढकढक्याउँछु; कसैले मेरो सोर सुन्यो र ढोका खोल्यो भने म उसकहाँ भित्र आउनेछु र ऊसँग भोजन गर्नेछु र ऊ मसँग भोजन गर्नेछ।''** **प्रकाश ३:२०**

पहिले प्रभु येशू हाम्रो जीवनदेखि बाहिर हुनुहुन्छ। उहाँले हाम्रो हृदयको ढोकामा ढकढक्याएर भित्र आउन र हामीसँग सँगत गर्न खोज्नुहुन्छ। यहाँ पनि हाम्रो कर्तव्य के छ? उहाँको सोर सुन्नु र हृदयको ढोका खोल्नु नै हाम्रो काम हुन्छ। के तपाईंले प्रभु येशूलाई यसरी आफ्नो हृदयमा स्वागत गर्नुभयो? स्वागत गरेको फल सँगति हो। दिनप्रतिदिन उहाँ हामीसित र हामी उहाँसित आत्मिक सँगति गर्छौं।

> **''तिमीहरूले पनि हामीसँग सँगति पाओ भन्ने हेतुले हामीले जे देखेका र सुनेका छौं, सो कुरा तिमीहरूलाई सुनाउँछौं। अनि साँची नै हाम्रो सँगति पितासँग र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। अनि तिमीहरूको आनन्द पूरा होस् भनेर हामी यी कुरा तिमीहरूलाई लेख्छौं।''** **१ यूहन्ना १:३–४**

जब प्रभु येशूको सुसमाचार हामीलाई सुनाइन्छ, तब यसको खास उद्देश्य कुनै धर्मको प्रचार गर्नु होइन, तर हामीले हाम्रो सृष्टिकर्ता परमेश्वरसँग सँगति पाऔं भन्ने मुख्य उद्देश्य हो। हामीले जिउँदो प्रभु येशूलाई व्यक्तिगत रूपले चिन्नुपर्छ। कुनै धार्मिक नियमहरू पालन गर्नाले मात्र पुग्दैन। परमेश्वर पवित्र हुनुहुन्छ, उहाँमा कुनै पाप छैन। उहाँसँग सँगति गर्नलाई हामीले आफ्ना पाप स्वीकार गर्नुपर्छ। तब उहाँले हामीलाई प्रभु येशूको रगतले सबै पापबाट शुद्ध पार्नुहुन्छ। यसरी परमेश्वरसँग मिलाप राखेर हामीले आफ्नो मनमा ठूलो शान्ति र आनन्दको अनुभव गर्छौं। मेरा पाप छैन, मैले पाप गरेको छैनँ भन्ने मानिसले आफूलाई धोका दिन्छ र ऊ सत्यतामा चल्दैन। किनभने परमेश्वरको वचनले भन्दछ: 'सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्।' फेरि बाइबलले भन्दछ: 'तिम्रा पाप लुकायौ भने तिम्रो उन्नति हुँदैन, तर ती स्वीकार गरेर छोड्यौ भने तिमीले कृपादृष्टि पाउनेछौ।' यसकारण म तपाईंलाई प्रश्न गर्छु – तपाईंका पापलाई तपाईंले के गर्नुभयो? के परमेश्वरको सामु तपाईंले ती पापहरू स्वीकार गर्नुभयो कि लुकाउँदै हुनुहुन्छ? पाप लुकाउनेले अझ परमेश्वरसँग मिलाप राखेको छैन र उहाँसित सँगति पाएको छैन। उसको हृदयमा परमेश्वरको शान्ति पनि छैन। यसकारण परमेश्वरसित मिलाप राख्नुहोस् भन्दै प्रभु येशूको नाममा हामी तपाईंलाई आग्रह गर्दछौं। किनभने प्रभु येशूले हाम्रा पापको दण्ड भोग्नुभयो र यसरी पापको क्षमा हुने उपाय दिनुभयो।

## ख – पापले गर्दा हाम्रो परमेश्वरसँगको सम्बन्ध टुट्यो।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**'हेर, परमप्रभुको हात बचाउन नसक्ने गरी दुर्बल भएको छैन। उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको पनि छैन। तर तिमीहरूका अधर्महरूले तिमीहरूलाई तिमीहरूका परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुख तिमीहरूदेखि छेलिएको छ र उहाँले तिमीहरूको कुरा सुन्नुहुन्न।'** **यशैया ५९:१-२**

परमेश्वरसँग हाम्रो सम्बन्ध ठीक छैन भने अर्थात् यो समबन्ध टुटेको छ भने यसको एउटै कारण छ – पाप! परमेश्वरका आज्ञा भङ्ग गर्नु नै पाप हो। पापले गर्दा हामीले धेरै नमीठा फलहरू भोग्नैपर्छ। पापले गर्दा हामी परमेश्वरबाट अलग भयौं। हामी उहाँको अधीनतामा नबस्ने विद्रोही बन्यौं, किनभने उहाँको इच्छाको सट्टामा हामीले आफ्ना अभिलाषाहरू पूरा गर्छौं। यसकारण परमेश्वर र हाम्रो बीचमा मिलाप छैन। परमेश्वरसित हाम्रो सम्बन्ध ठीक छैन। यसैकारण हाम्रो हृदयमा शान्ति छैन। मनमा शान्ति नभएकोले हामी शान्ति पाउनलाई मोजमज्जामा लागेर झन् पापमा डुबेर जान्छौं। यसरी हामी आशारहित, परमेश्वररहित र जीवनविनाका मानिस हुन्छौं। कति मानिसहरूले यो स्वीकार गर्दैनन्। तिनीहरूभित्र पापको स्वभावले काम गरिरहेको छ, तर यो कुरा तिनीहरूलाई थाहै छैन। तिनीहरूले केवल पापकर्महरूको हिसाब लिन्छन् र अरू मानिसहरूलाई यही कारणले गर्दा हेला गरेर पापी भन्छन्। तिनीहरूले यो एउटा कुरा बिर्सन्छन्, जुन कुरा प्रभु येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिँदै भन्नुभयो –

**''मानिसबाट जे बाहिर निस्कन्छ, त्यसैले मानिलाई अशुद्ध पार्छ। किनभने भित्रबाट नै अर्थात् मानिसको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्। यी सबै खराब कुराहरू भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्छन्।''** **मर्कूस ७:२१-२३**

सुन्तलाको बोटले सुन्तला फलाउँछ; त्यस्तै मानिस पापी भएकोले पापकर्म गर्छ। पाप एकदम डरलाग्दो र ज्यादै खराब कुरा हो। त्यसले हामीलाई छोड्दैन। जसले पाप गर्छ, ऊ पापको दास हुन्छ। पापले हामीलाई वशमा पार्छ र हाम्रो जीवन बिगार्छ। पापले हामीलाई नाश गर्छ। बाइबलले भन्छः 'पापको ज्याला मृत्यु हो।' पापको कारण हामीमाथि परमेश्वरको क्रोध आइलागेको छ।

यस सम्बन्धमा परमेश्वरको वचनमा धेरै कुरा पाइन्छ। हामी यस सम्बन्धमा एक-दुई वचन हेरौँ –

**''सत्यता अधर्ममा दबाइराख्ने मानिसहरूका सबै अभक्ति र अधर्मको विरोधमा स्वर्गबाट परमेश्वरको क्रोध प्रकट भएको छ।''** **रोमी १:१८**

पवित्र परमेश्वरले पाप र अधर्म सहन सक्नुहुन्न। उहाँ पापको विरोधमा क्रोधित हुनुहुन्छ र पापको सजाय दिनुहुन्छ। जो पापमा जिउँछ, र जसले पाप छोड्दैन, त्यस विद्रोही मानिसको विरोधमा परमेश्वरको धार्मिक रिस उठेको छ। एक दिन पापी मानिस जिउँदो परमेश्वरको हातमा पर्नेछ। हामी सबै डराऔं।

**''बितेको समयमा आज्ञा नमान्नेहरूको बीचमा शरीर र मनका अभिलाषाहरू पूरा गर्दै हामी सबैले आफ्ना शारीरिक कुइच्छामा जीवन बितायौं र स्वभावैले हामी पनि क्रोधका सन्तान थियौं।''**

**एफेसी २:३**

परमेश्वरका आज्ञा नमान्ने मानिसहरू सबैलाई क्रोधका सन्तान भनिएको छ। हामी सबै जन्मदेखि नै पाप गर्दै आएका छौं; यो हाम्रो स्वभाव हो। यसैले क्रोधका पात्र भईकन हामी परमेश्वरबाट दण्ड पाउन योग्य छौं।

**''जसले परमेश्वरको पुत्र प्रभु येशूमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन हुन्छ; जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ।'' यूहन्ना ३:३६**

परमेश्वरको क्रोध अर्थात् पापको सजाय डरलाग्दो छ। त्यसबाट उम्कने एक मात्र उपाय छ। परमेश्वरले यो उपाय आफै तयार गर्नुभएको छ। हाम्रा पापको सजाय भोगेर प्रभु येशू काठको क्रूसमा ज्यादै दुःख सही मर्नुभयो। हामीले पाउनुपर्ने दण्ड उहाँमाथि पर्‍यो। प्रभु येशूमाथि विश्वास गर्ने व्यक्तिबाट परमेश्वरको क्रोध हटिजान्छ। विश्वास नगर्नेमाथि निश्चय परमेश्वरको क्रोध आइपर्नेछ।

## ग - हामी पापको वशमा छौं।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''साँचो, साँचो म तिमीहरूलाई भन्दछु - जसले पाप गर्छ, त्यो पापको दास हो'' यूहन्ना ८:३४**

हाम्रो दशा नराम्रो छ। किनभने हामीले आफूलाई पापबाट बचाउन सक्दैनौं। पाप हामीभित्र वास गर्छ र हामीसँग यति बलियो गरी टाँस्छ कि हामीले त्यसलाई निकाल्न सक्दैनौं। हामी पापको वशमा छौं। हामी हराएका छौं। हामी आशारहित छौं। कति मानिसले आफ्नो बलले पाप हटाउन चाहन्छन्। तिनीहरूले धर्मकर्म गर्छन्। तिनीहरूले खूबै कोशिश गर्छन्। तर पापको पन्जाबाट को उम्केको छ र? हाम्रा सबै कोशिश व्यर्थ छ, किनभने यसरी कुनै मानिसले पापबाट छुटकारा पाएको छैन।

बाइबल, परमेश्वरको पवित्र वचन सुनौं, यसले हामीलाई के भन्दछ?

**''तिमीले आफैलाई खरानीको पानीले र बेसरी साबुन लगाएर धोए तापनि तिम्रो दोषको कलङ्क मेरो सामु छँदैछ - परमप्रभुले भन्नुहुन्छ।'' यर्मिया २:२२**

पाप बाहिरको कुरा होइन, त्यसले भित्रदेखि नै काम गर्छ। यसकारण कहाँ गएर त्यसलाई सफा पारौं। परमेश्वरको सामु हाम्रो पापको दोष कसरी हटाऔं? के तपाईंले यसको बारेमा सोच्नुभएको छ?

**''के हब्शीले आफ्नो छालाको रङ्ग फेर्न सक्छ? के चितुवाले आफ्नो छालाको थोप्ला बदल्न सक्छ र? सक्छ भने तिमीहरू पनि, जसले कुकर्म गर्ने बानी बसाएका छौ, भलाइ गर्न सक्छौ।'' यर्मिया १३:२३**

पापको स्वभावले गर्दा हाम्रो पाप गर्ने बानी कहिल्यै सुध्रिएको छैन। चोरले चोर्छ; रिसहाले रिस गर्छ; घमण्डीले घमण्ड गर्छ। आफ्नो बलले कसले आफ्नो पापको बानी फेर्न सक्छ र?

**''मानिसको हृदय सब कुराभन्दा छली हुन्छ, त्यो अति भ्रष्ट हुन्छ, त्यसलाई कसले जान्न सक्छ र? हरेक मानिसलाई उसको चालअनुसार र उसका कामअनुसार प्रतिफल दिनलाई म परमप्रभु मानिसको मन खोजतलाश गर्छु, उसको हृदय म जाँच गर्छु।'' यर्मिया १७:९-१०**

हाम्रो हृदय बिग्रेको छ; यो सिकिस्त बिमारी छ। यो भ्रष्ट छ भन्ने कुरा कसले जान्दछ? परमेश्वरले बाहिरको कुरा होइन, तर हाम्रो मनको जाँच गर्नुहुन्छ; हाम्रो हृदयमा के छ, सो उहाँले खोजतलाश गर्नुहुन्छ।

**''हामी सबै अशुद्ध मानिसहरू भएका छौं र हाम्रा धर्मकर्म फोहोर थाङनाझैं छन्।'' यशैया ६४:६**

अशुद्ध मानिसले पवित्र परमेश्वरलाई के दिन सक्छ र? हाम्रो हृदय सफा छैन; तब के हामीले मुखले परमेश्वरलाई खुशी पार्न सक्छौं र? पापको कारणले परमेश्वरले हाम्रो धर्मकर्म ग्रहण गर्नुहुन्न, तर ती थोत्रो थाङना सम्झी इन्कार गर्नुहुन्छ। अब केले हामीले उहाँलाई खुशी पारौं?

## घ – पापले गर्दा हामी परमेश्वरबाट अलग छौं।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्।'' रोमी ३:२३**

पाप सबैले गरेका छन्। पाप नगर्ने कोही पनि छैन। पापले हामीलाई परमेश्वरबाट अलग पारेको छ, साथै अन्धा तुल्याएको छ। हामी उहाँबाट टाढ़ोमा छौं र एकमात्र साँचो परमेश्वरलाई चिन्दैनौं। हामी मानिसहरूले ईश्वरलाई अनेकौं नाम र रूप दिएका छौं। यसबाट यो स्पष्ट छ कि हामीले उहाँलाई चिनेकै छैनौं; नत्र ता यस्तो मूर्ख काम हामीले गर्नेथिएनौं। महिमाको परमेश्वरलाई कमजोर मानिस, पशुपक्षीहरूको मूर्तिको रूपमा परिवर्तन गर्नेहरू अन्धा होइनन् र? आउनुहोस्, हामी साँचो परमेश्वरलाई चिन्ने प्रयास गरौं।

बाइबलबाट हामी अरू पदहरू अध्ययन गरौं –

**''हेर, परमप्रभुको हात बचाउन नसक्ने गरी दुर्बल भएको छैन। उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको पनि छैन। तर तिमीहरूका अधर्महरूले तिमीहरूलाई तिमीहरूका परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुख तिमीहरूदेखि छेलिएको छ र उहाँले तिमीहरूको कुरा सुन्नुहुन्न। किनकि तिमीहरूका हात रगतले र तिमीहरूका औंला अधर्मले अशुद्ध भएका छन्। तिमीहरूका ओठले झूट बोलेका छन्। तिमीहरूको जिब्रोले दुष्ट कुरा बक्छ।'' यशैया ५९:१-३**

पापले हामीलाई परमेश्वरबाट अलग पारेको छ। परमेश्वर र हाम्रो बीचमा एउटा गहिरो खाडल छ। उहाँकहाँ हामी आफ्नो कोशिशले पुग्न सक्दैनौं। पवित्र परमेश्वर र हामी पापी मानिसहरूको बीचमा छेक्ने बार छ। यो कसरी हट्ला? हामी कसरी परमेश्वरसँग फेरि मिल्न सक्छौं त?

**''तपाईंको नाम पुकार्ने कोही छैन, तपाईंलाई पछ्याउने कोही पनि छैन। किनभने तपाईंले आफ्नो मुख हामीदेखि लुकाउनुभएको छ र हाम्रा अधर्महरूले गर्दा हामीलाई भस्म पार्नुभएको छ।'' यशैया ६४:७**

साँचो परमेश्वरलाई पुकार्ने कोही छन्? जिउँदो प्रभु येशूलाई पछ्याउने कहाँ छन्? पापले गर्दा उहाँ हामीबाट टाढ़ा हुनुहुन्छ। उहाँको नजिकमा अब कसरी जाऔं?

**''त्यस समय तिमीहरू प्रभु येशूविहीन, आशा नभएका र परमेश्वररहित थियौ। तर अब त ख्रीष्ट येशूमा तिमीहरू, जो बितेको समयमा टाढ़ा थियौ, ख्रीष्टको रगतले नजिक ल्याइएका छौ। किनभने प्रभु येशू नै हाम्रो मिलाप हुनुहुन्छ, जसले दुईजनालाई एक तुल्याउनुभयो र बीचको अलग पार्ने भित्ता भत्काउनुभयो।''** **एफेसी २:१२-१४**

जससँग प्रभु येशू हुनुहुन्न, त्यो परमेश्वरबाट टाढ़ा छ। परमेश्वर र त्यस मानिसको बीचमा छेक्ने बार छ, मिलाप भएकै छैन। प्रभु येशू नै हाम्रो मिलाप हुनुहुन्छ। उहाँद्वारा हामी परमेश्वरसँग मिल्न सक्छौं। हामीलाई परमेश्वरको नजिकमा ल्याउनका निम्ति प्रभु येशूको रगत बगाइएको थियो। विश्वासको साथ प्रभु येशूको नाममा पवित्र परमेश्वरको सामु आउनुहोस् र एक मात्र साँचो जिउँदो सृष्टिकर्तासँग मिलाप राख्नुहोस्।

## ङ - पापको सजाय नरक हो।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''पापको ज्याला मृत्यु हो''** **रोमी ६:२३**

पापको दण्ड डरलाग्दो छ। जसले पाप गर्छ, त्यो मर्नैपर्छ। जसले धेरै पाप गर्छ, त्यो धेरै चोटि मर्नुपर्छ। हामीले हात वा मुखले मात्र होइन, तर मनले पाप गर्छौं भने के आत्मालाई सजाय हुँदैन र? परमेश्वरले पापीहरूको लागि एउटा ठाउँ - एउटा कहिल्यै ननिभ्ने आगो - तयार पार्नुभएको छ। यो नरक हो। अब सुन्नुहोस्, बाइबलले यस गम्भीर विषयमा के भन्दछ?

**''हे श्रापितहरूहो, मदेखि त्यस अनन्त आगोभित्र जाइहाल, जोचाहिँ शैतान र त्यसका दूतहरूको निम्ति तयार पारिएको छ।''** **मत्ती २५:४१**

नरक मानिसहरूको कल्पना होइन, तर एक वास्तविक ठाउँ हो। परमेश्वरले आफ्ना शत्रुहरूको निम्ति त्यो आग्निकुण्ड अघि नै तयार गर्नुभएको छ।

**''अनि तिम्रो हातले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई काटिदेऊ, किनभने दुवै हातसित नरकमा, कहिल्यै ननिभ्ने आगोमा जानुभन्दा डुँडो भएर जीवनमा पस्नु उत्तम हो; जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन।''** **मर्कूस ९:४३-४४**

नरकको आगोमा पर्नु एकदम डरलाग्दो कुरा हो। नरकको दण्डदेखि हामीले डराउनैपर्छ। पाप गर्नुबाट हामीले आफूलाई रोक्नैपर्छ। नरकमा परेपछि त्यहाँबाट उम्कने बाटो पाइँदैन। त्यहाँ त्यो पीड़ाबाट कहिल्यै आराम पाइँदैन। आगोले पोलेको मानिसलाई सोध्नुहोस्। यसभन्दा ठूलो पीड़ा हुँदैन। नरक यस्तै छ।

**''तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू, र सबै झूट बोल्नेहरूको भाग आगो र गन्धकले जलिरहेको कुण्डभित्र हुनेछ; यो दोस्रो मृत्यु हो।''** **प्रकाश २१:८**

नरकमा को को पर्नेछन्। यस सम्बन्ध कुनै शंका छैन। बाइबलले यो कुरा हामीलाई स्पष्ट देखाएको छ। यो पद फेरि एकपटक ध्यानसित पढ्नुहोस्। यस आग्निकुण्डलाई दोस्रो मृत्यु भनिन्छ, किनभने त्यो अनन्त आत्मिक मृत्यु हो।

**''अनि तिनीहरू दिनरात सदासर्वदा पीड़ाले तड्पाइनेछन्।''** **प्रकाश २०:१०**

नरकको पीड़ाको बयान यस पदले गर्छ - दिनरात, सदासर्वदा! के अब यो कुरा स्पष्ट भएको छ?

**''जब प्रभु येशू स्वर्गबाट आफ्ना सामर्थी दूतहरूको साथमा दन्किरहेको आगोमा प्रकट हुनुहुनेछ, तब परमेश्वरलाई नचिन्नेहरू र हाम्रो प्रभु येशू ख्रीष्टको सुसमाचार पालन नगर्नेहरूलाई उहाँले बदला दिनुहुनेछ। तिनीहरूले प्रभुको उपस्थितिबाट र उहाँको सामर्थ्यको महिमाबाट अनन्त विनाशको दण्ड पाउनेछन्।''** **२ थेस्सलोनिकी १:७-९**

जब प्रभु येशू फेरि यस संसारमा आउनुहुनेछ, तब परमेश्वरलाई चिन्नेहरू र प्रभु येशूको सुसमाचारमा विश्वास नगर्नेहरूले दण्ड पाउनेछन्। यो पापको सजाय अनन्तको विनाश हुनेछ। यसकारण हामी डराऔं र यी चेतावनीका वचनहरू बेवस्ता नगरौं। यी परमेश्वरका सत्य वचन हुन्।

## च - प्रभु येशूमा पापबाट मुक्ति छ।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''परमेश्वरले संसारका मानिसहरूलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्र प्रभु येशूलाई दिनुभयो कि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्।''** **यूहन्ना ३:१६**

हामी तपाईंलाई प्रभु येशूको सुसमाचार सुनाउँछौं, जुन सुसमाचार हामी आफैले विश्वास गरेका छौं र ख्रीष्ट येशूमा पापबाट मुक्ति पाई परमेश्वरको महान् प्रेमको स्वाद पाएका छौं। किनभने उहाँ पापी मानिसहरूको मुक्तिदाता हुनलाई यस संसारमा आउनुभयो। उहाँको आफ्नै मुखबाट यो कुरा सुन्नुहोला -

**''किनभने मानिसको पुत्र अर्थात् प्रभु येशू हराएकोलाई खोज्न र मुक्त गर्न आउनुभयो।'' लूका १९:१०**

**''निरोगीहरूलाई होइन, तर रोगीहरूलाई डाक्टरको खाँचो छ। म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्ताप गर्नको निम्ति बोलाउन आएको छु।''** **लूका ५:३१-३२**

प्रभु येशूलाई सङ्केत गर्दै यूहन्नाले भने: **''हेर, संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा!'' यूहन्ना १:२९**

प्रभु येशूको विषयमा हामी बाइबलको गवाहीमा ध्यान दिऔँ -

**''सबै मानिसहरूले मुक्ति पाऊन् र सत्यको ज्ञानमा आऊन् भन्ने परमेश्वर हाम्रो मुक्तिदाताको इच्छा छ। किनभने परमेश्वर एक मात्र हुनुहुन्छ; अनि परमेश्वर र मानिसहरूको बीचमा एउटै मध्यस्थ हुनुहुन्छ अर्थात् ख्रीष्ट येशू - ती मानिस, जसले सबैका लागि छुटकाराको दामको रूपमा आफैलाई दिइहाल्नुभयो।''** **१ तिमोथी २:४-५**

**''तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छः हामी पापी हुँदा हुँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो।''** **रोमी ५:८**

***प्रभु येशूले भन्नुभयो:*** **''बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि परमेश्वर पिताकहाँ पुग्दैन।''** **यूहन्ना १४:६**

हामीलाई मुक्ति पाउन खाँचो छ। परमेश्वरले हामीलाई प्रेम गरेर यो मुक्तिको प्रबन्ध तयार पार्नुभयो। प्रभु येशू हाम्रो छुटकाराको दाम तिरेर क्रूसमा मर्नुभयो। यसरी नै प्रभु येशू परमेश्वर र मानिसहरूको बीचमा मध्यस्थ हुनुभयो। जसरी नदी पार गर्नलाई एउटा पुल चाहिन्छ, त्यसरी नै प्रभु येशू हाम्रो लागि परमेश्वरकहाँ पुऱ्याउने बाटो हुनुहुन्छ।

अब यी सबै बाइबलका पदहरू पढ़ेर हाम्रो कर्तव्य के हो? यसको उत्तर हामी पनि परमेश्वरको वचनबाट लिऔं –

**''तर जतिले प्रभु येशूलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले येशूको नाममाथि विश्वास गर्छन्।''** **यूहन्ना १:१२**

**''जसले परमेश्वरको पुत्र प्रभु येशूमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन हुन्छ; जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ।''** **यूहन्ना ३:३६**

**''साँचो साँचो म तिमीहरूलाई भन्दछु – जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर ऊ मृत्युदेखि जीवनमा सरिसकेको हुन्छ।''** **यूहन्ना ५:२४**

हाम्रो काम प्रभु येशूलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नु हो। ग्रहण गर्नुको मतलब प्रभु येशूको नाममाथि विश्वास गर्नु हो। यो विश्वास हृदयदेखि हुनुपर्छ, जसरी बाइबलको अर्को पदले भन्दछ –

**''धर्मी ठहरिनलाई हृदयले विश्वास गरिन्छ, र मुक्ति पाउनलाई मुखले स्वीकार गरिन्छ।''** **रोमी १०:१०**

यसकारण प्रभु येशूलाई हृदयदेखि पुकार्नुहोस्, किनकि परमेश्वरको यो प्रतिज्ञा छ –

**''प्रभु येशूको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।''** **रोमी १०:१३**

**प्रार्थना:** **हे प्रभु येशू, म तपाईंलाई हृदयदेखि पुकार्छु, मलाई बचाउनुहोस्; मेरा पापदेखि मलाई मुक्त गर्नुहोस्। म, एउटा पापीमाथि दया गर्नुहोस्। किनभने म पापको वशमा छु, पापको दास हुँ। यसैले परमेश्वरबाट म टाढ़ा छु, नरकको दण्ड पाउन योग्यको छु। मैले तपाईंको विरोधमा अनेकौं पाप गरेको छु। अब तपाईंसँग मिलाप राख्न चाहन्छु। तपाईं मलाई प्रेम गरी मेरा पापको निम्ति क्रूसमा मर्नुभयो भनी म विश्वास गर्छु। तपाईं जिउँदो प्रभुमाथि म पूरा भरोसा गर्छु र तपाईंलाई हृदयमा विश्वाससाथ ग्रहण गर्छु। हे मेरा प्रभु र मुक्तिदाता, म तपाईंको चेला हुन चाहन्छु। मलाई लिनुहोस् र तपाईंको इच्छा पूरा गर्न सिकाउनुहोस्। धन्यवाद।**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..............................................................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: .............................................................................. वार्ड नं॰: ..........................

हुलाक/पो॰ आ॰ : ........................................................ जिल्ला: ........................................................

अञ्चल/प्रदेश: .......................................................................... देश: ...............................................

**रजिष्टर नं॰:** .............................

# पाठ १

## हाम्रो सृष्टिकर्ता परमेश्वरसँग हाम्रो सम्बन्ध कस्तो छ?

यो शिक्षाक्रमको लागि कुनै फाल्तू किताब दिइएको छैन। परमेश्वरको पवित्र वचन बाइबल तपाईंसँग छ। यसकारण हामीले बयान गरेको ठाउँबाट वा आफ्नो बाइबल खोलेर तपाईं उत्तर लेख्नुहोला। यी जवाफहरू हाम्रो निम्ति होइन, तर आफ्नो जीवन परमेश्वरको सामु ठीक पार्नको निम्ति लेख्नुहोला। मानिसहरूलाई होइन, तर हृदयको तलाश गर्नुहुनेलाई खुशी पार्ने गरी अध्ययन गर्नुहोस् भनी हामी तपाईंलाई आग्रह गर्दछौं। आफूले सिकेको कुरा पालन गरेर ख्रीष्टको साँचो चेला हुने प्रयास गर्नुहोस्। परमेश्वरको महिमा गर्ने जीवन बिताएर अरूका लागि उदाहरण बन्नुहोस्। अरू मानिसहरूलाई यही शिक्षाअनुसार प्रभु येशूका चेला बनाउने कोशिश गर्नुहोस्। यो कार्य गर्नुमा प्रभु येशू तपाईंलाई साथ दिऊन्।

### क – परमेश्वरसँग हाम्रो ठीक सम्बन्ध

**१) २ कोरिन्थी ५:२० अनुसार परमेश्वरसित हाम्रो सम्बन्ध कहिले ठीक हुन्छ?** ...................

.............................................................................................................................

**२) यूहन्ना १०:२७-२८ – प्रभु येशूसित हाम्रो सम्बन्ध ठीक छ भने कुन कुन कुराबाट हामीलाई यो थाह हुन्छ?**

**अ)** ....................................................................................................................

**आ)** ....................................................................................................................

३ ) प्रकाश ३:२० – प्रभु येशूसँग सँगति पाउनलाई हामीले के गर्नुपर्छ?

अ ) ........................................................................................................

आ ) ....................................................................................................

४ ) १ यूहन्ना १:३-४ – प्रभु येशूको सुसमाचार विश्वास गरेपछि हाम्रो सँगति कोसँग हुन्छ?

..................................................................................................................

## ख – पापले गर्दा हाम्रो परमेश्वरसँगको सम्बन्ध टुट्यो।

१ ) यशैया ५९:१-२ – परमेश्वरसँग हाम्रो सम्बन्ध बिग्रियो भने यसको कारण के छ? ..............

..................................................................................................................

२ ) क ) मर्कूस ७:२१-२३ – पाप कहाँबाट निस्कन्छ? ..................................................

ख ) पापले के गर्छ? ..................................................................................................

३ ) रोमी १:१८ – परमेश्वरको क्रोध कुन कुराको विरोधमा छ? ............................................

..................................................................................................................

४ ) एफेसी २:३ – परमेश्वरका आज्ञा नमान्नेहरूले कसरी आफ्नो जीवन बिताउँछन्? ..................

..................................................................................................................

५ ) यूहन्ना ३:३६ – परमेश्वरको क्रोध हाम्रो जीवनबाट कसरी हट्छ? .....................................

..................................................................................................................

## ग – हामी पापको वशमा छौं।

१ ) यूहन्ना ८:३४ – पापको वशमा को हुन्छ? ..................................................................

२ ) यर्मिया २:२२ – पापको कलङ्क हाम्रो जीवनबाट कसरी हट्दैन? ......................................

..................................................................................................................

३ ) यर्मिया १३:२३ – पापीहरूले के गर्न सक्दैनन्? ........................................................

..................................................................................................................

४ ) यर्मिया १७:९ – पापी स्वभाव हामीबाट किन हट्दैन ? ..................................................

..................................................................................................................

५ ) यशैया ६४:६ – पापी मानिसले के गरेर शुद्ध हुन सक्दैन? ............................................

..................................................................................................................

## घ – पापले गर्दा हामी परमेश्वरबाट अलग छौं।

१) रोमी ३:२३ – पाप गर्नेले के हानि उठाउनुपरेको छ? ..................................................

..........................................................................................

२) यदि हामीले पाप गर्‍यौं, परमेश्वरका प्रतिक्रिया के के हुन्छन्? यशैया ५९:१–३ हेर्नुहोस्।

अ) ..........................................................................................

आ) ..........................................................................................

इ) ..........................................................................................

३) एफेसी २:१२–१४ – प्रभु येशूद्वारा परमेश्वरसँग मिलाप नराख्ने मानिसको अवस्था कस्तो हुन्छ?

..........................................................................................

..........................................................................................

## ङ – पापको सजाय नरक हो।

१) रोमी ६:२३ – पापको सजाय के हो? ..................................................

२) मत्ती २५:४१ – श्रापितहरूको लागि के तयार भएको छ? ..................................................

३) मर्कूस ९:४३–४४ – जीवनमा प्रवेश नगर्नेहरू कहाँ जानुपर्छ? ..................................................

४) प्रकाश २१:८ – आग्निकुण्ड कसको भाग हुनेछ? ..................................................

..........................................................................................

..........................................................................................

५) प्रकाश २०:१० – नरकको आगोमा पर्नेहरूको पीड़ाको बयान गर्नुहोस्। ..............................

..........................................................................................

६) क) प्रभु येशू फेरि यस संसारमा आउनुहुँदा कसलाई बदला दिनुहुन्छ? (२ थेस्सलोनिकी १:७–९)

..........................................................................................

ख) प्रभुले तिनीहरूलाई के दण्ड दिनुहुनेछ? ..................................................

## च – प्रभु येशूमा पापबाट मुक्ति छ।

१) यूहन्ना ३:१६ – क) नरकमा नाश नहुनलाई हामीलाई प्रेम गर्ने परमेश्वरले के उपाय दिनुभयो?

..........................................................................................

ख) नाश नहुनलाई हामीले के गर्नुपर्छ? ..................................................

..........................................................................................

२) लूका १९:१० – प्रभु येशू किन यस संसारमा आउनुभयो? ..........................................

.......................................................................................................

३) लूका ५:३१–३२ – प्रभु येशू पापीहरूलाई के गर्न आउनुभयो? .........................................

.......................................................................................................

४) १ तिमोथी २:४–५ – क) सबै मानिसहरूलाई के पाउन खाँचो छ? ..................................

.......................................................................................................

ख) परमेश्वर र मानिसहरूको बीचको एकमात्र मिलाप गराउने मध्यस्थ को हुनुहुन्छ?

.......................................................................................................

ग) प्रभु येशू मात्र हाम्रो मध्यस्थ हुन सक्नुहुन्छ, किन? ...............................................

.......................................................................................................

५) यूहन्ना १४:६ – परमेश्वरकहाँ पुऱ्याउने बाटो कुन हो? ...............................................

६) यूहन्ना १:१२ – परमेश्वरको सन्तान हुने हक कसले पाउँछ? .........................................

.......................................................................................................

७) यूहन्ना ३:३६ – परमेश्वरको क्रोधबाट को उम्कन्छ? ....................................................

.......................................................................................................

८) यूहन्ना ५:२४ – को न्यायमा पर्नेछैन? ......................................................................

.......................................................................................................

९) रोमी १०:१० अनुसार मुक्ति पाउनलाई हामीले विश्वास कसरी गर्नुपर्छ? .............................

१०) रोमी १०:१३ – कसले मुक्ति पाउनेछ? ......................................................................

यी माथि उल्लेख गरिएका बाइबल पदहरूबाट तपाईंले आफ्नो जीवनको निम्ति के बुझ्नुभएको छ, सो तल लेख्नुहोला।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................